पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
सेवा आयोग
Patan Academy of Health Sciences
Service Commission
लगनखेल-५, ललितपुर, नेपाल Lagankhel-5, Lalitpur, Nepal

# कार्यक्षमता मूल्याङ्कनद्धारा हुने बढुवा सूचना नं. ७/२०७४-०७५

## प्राज्ञिक पदहरुको लागि

(प्रथम पटक प्रकाशित : मिति : २०७४ /०८/०८)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान प्राज्ञिक सेवा अन्तर्गतका विभिन्न समुहहरुमा रिक्त निम्नलिखित पदहरुमा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा गरी स्थायी पदपुर्ति गर्नका लागि पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको कर्मचारी सेवाका शर्त र सुविधा सम्वन्धी नियमावली, २०६७ को नियम ३७ सँग सम्बन्धित अनुसुची-१ बमोजिम प्राज्ञिक सेवातर्फ बढुवाको लागि न्यूनतम योग्यता पुगेका स्थायी शिक्षक कर्मचारीहरुले मिति २०७४/०८/२८ गतेसम्म र नियमानुसार २०७४/०९/०५ गतेसम्म दोब्बर दस्तुर तिरी कार्यालय समयभित्र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयेगको कार्यालय लगनखेल, ललितपुमा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ । आवेदन फारम प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np/service commission बाट डाउनलोड गरि सेवा आयोगमा बुझाउन सकिनेछ । दरखास्त दस्तुर वापतको रकम लक्ष्मी बैङ्क लि., लगनखेल शाखामा रहेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता न. ००१८१०४००००४५५ मा बुझाई सो को सक्कल भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. प्रवेशिका देखि माथिका विज्ञापित पद/तह सँग सम्बन्धित शैक्षिक योग्यता लब्धाङ्क-पत्र र प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३. अनुभव/तालिमको प्रमाण-पत्र ।
४. सम्वन्धित व्यवसायिक काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो एक (१) प्रति ।
६. प्रतिष्ठानको नियमानुसार प्राज्ञिक सेवातर्फका विभिन्न पदहरुमा बढुवाको लागि भनी सम्बन्धित प्रमुखले गरेको सिफारिस पत्र ।
७. प्रतिष्ठान अन्तर्गतका निकायमा स्थायी नियुक्ति पाएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
८. बढुवाको लागि तोकिएको कार्य अनुभव अवधिको प्रत्येक बर्षको कार्यसम्पादन मुल्याङ्कन फारम ।
९. बिदेशी लब्धाङ्क-पत्रको सम्बन्धमा समकक्षता प्रमाणीकरण गरेको प्रमाणित प्रतिलिपि ।
१०. दरखास्त बुझाउने समय बुधबार र शनिबार बाहेक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म ।

| क्र.सं. | वि.नं. | पद | सेवा | समूह | किसिम | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ४९/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | शल्य चिकित्सा | का.क्ष.मू. | १ | १,६००/- |
| २. | ५०/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | इन्टर्नल मेडिसिन | का.क्ष.मू. | ३ | १,६००/- |
| ३. | ५१/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | का.क्ष.मू. | ३ | १,६००/- |
| ४. | ५२/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | का.क्ष.मू. | ३ | १,६००/- |
| ५ | ५३/०७३-७४ | सहायक प्राध्यापक | प्राज्ञिक | आकश्मिक तथा जनरल प्राक्टिस | का.क्ष.मू. | ३ | १,६००/- |
| ६ | ५४/०७३-७४ | सहायक प्राध्यापक | प्राज्ञिक | एनेस्थेसिया | का.क्ष.मू. | ३ | १,६००/- |
| ७ | ५५/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | का.क्ष.मू. | १ | १,६००/- |
| ८ | ५६/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | नाक, कान, घाँटी | का.क्ष.मू. | १ | १,६००/- |
| ९ | ५७/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | चर्म तथा यौन रोग | का.क्ष.मू. | १ | १,६००/- |
| १० | ५८/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | समुदाय स्वास्थ्य विज्ञान | का.क्ष.मू. | १ | १,६००/- |
| ११ | ५९/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | शरीरकृया विभाग | का.क्ष.मू. | १ | १६०० |
| १२ | ६०/०७४-७५ | सहायक प्राध्यापक | प्राज्ञिक | सुक्ष्म जीव तथा रोग प्रतिरोध विज्ञान | का.क्ष.मू. | १ | १,६००/- |

Email: pahs@pahs.edu.np
Website: www.pahs.edu.np/about/service-commission
Tel: +977-1-5545112
Fax: +977-1-5545114
P.O. Box: 26500
Kathmandu, Nepal

लगनखेल-५, ललितपुर, नेपाल Lagankhel-5, Lalitpur, Nepal

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | ६१/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | शल्य चिकित्सा | का.क्ष.मू. | १ | २,०००/- |
| १४ | ६२/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्रीरोग | का.क्ष.मू. | १ | २,०००/- |
| १५ | ६३/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | का.क्ष.मू. | १ | २,०००/- |
| १६ | ६४/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | दन्त चिकित्सा | का.क्ष.मू. | १ | २,०००/- |
| १७ | ६५/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | समुदाय स्वास्थ्य बिज्ञान | का.क्ष.मू. | १ | २,०००/- |
| १८. | ६६/०७४-७५ | सह-प्राध्यापक | प्राज्ञिक | जीव रसायन | का.क्ष.मू. | १ | २,०००/- |
| १९. | ६७/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | इर्न्टनल मेडिसिन | का.क्ष.मू. | ३ | २,५००/- |
| २०. | ६८/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | प्रसुति तथा स्त्रीरोग | का.क्ष.मू. | १ | २,५००/- |
| २१. | ६९/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | बाल चिकित्सा | का.क्ष.मू. | १ | २,५००/- |
| २२. | ७०/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | रेडियोलोजी | का.क्ष.मू. | १ | २,५००/- |
| २३. | ७१/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | नाक ,कान घाँटी | का.क्ष.मू. | १ | २,५००/- |
| २४. | ७२/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | मनोचिकित्सा | का.क्ष.मू. | १ | २,५००/- |
| २५. | ७३/०७४-७५ | प्राध्यापक | प्राज्ञिक | समुदाय स्वास्थ्य बिज्ञान | का.क्ष.मू. | १ | २,५००/- |

१. सहायक प्राध्यापक- (क) लेक्चरर पदमा कम्तीमा दुई बर्ष काम गरेको,
(ख) सम्वन्धित बिषयमा कम्तीमा दुईवटा लेख Peer Reviewed Journal मा प्रकाशन भएको जस्मध्ये कम्तीमा एक प्रकाशन मुख्य लेखकको रुपमा रहेको ।

२. सह-प्राध्यापक - (क) सहायक प्राध्यापक पदमा कम्तीमा चार बर्ष काम गरेको,
(ख) सम्वन्धित बिषयमा कम्तीमा चारवटा लेख Peer Reviewed Journal मा प्रकाशन भएको जस्मध्ये सहायक प्राध्यापक पदमा रहँदा कम्तीमा तीनवटा प्रकाशनमा मुख्य लेखकको भूमिका रहेको,
(ग) सहायक प्राध्यापक पदमा रहँदा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको,
(घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

३. प्राध्यापक - (क) सह-प्राध्यापक पदमा कम्तीमा पाँच बर्ष काम गरेको,
(ख) सम्वन्धित बिषयमा कम्तीमा पाँचवटा लेख Peer Reviewed Journal मा प्रकाशन भएको जस्मध्ये सह-प्राध्यापक पदमा रहँदा कम्तीमा तीनवटा प्रकाशनमा मुख्य लेखकको भूमिका रहेको,
(ग) सह-प्राध्यापक पदमा रहँदा स्तरीय शिक्षण गरी प्राज्ञिक एवं व्यवसायिक नेतृत्व निर्वाह गरेको,
(घ) कुसल चिकित्सक, वरिष्ठ वैज्ञानिक, असल शिक्षक तथा/वा सक्षम अनुसन्धानकर्ता भई आफ्नो व्यवसायिक क्षेत्र वा संस्थाको उद्देश्य प्राप्तीमा ख्याती कमाएको ।

**द्रष्टव्य :** (१) लेख प्रकाशनको हकमा तोकिएका संख्याका लेखहरु प्रकाशन हुनु पर्ने उल्लेख भएकोमा ती मध्ये कुनै एक लेख प्रकाशनको स्वीकार्य पत्र (Letter of Acceptance) पेश भएकोलाई मान्यता दिने ।
(२) प्रतिष्ठानको करारीय सेवामा अनवरत रुपमा काम गर्ने शिक्षकको सेवा अवधि यस नियमावलीको नियम ४० (३) (ख) मा भएको व्यवस्था अनुसार गणना गर्ने ।
उपर्युक्त बुँदाहरु माथि उल्लेखित सबै तहका शिक्षकहरुमा लागू हुनेछ ।

सचिव
सेवा आयोग